# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, चैत २ गते २०४१ साल (संख्या ४८

## भाग ३

### नेपाल अधिराज्यका
### महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ को दफा २ को खण्ड (क १) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही खण्डको प्रयोजनको लागि निम्न बमोजिमको संस्थामा गरेको कामको अनुभवलाई पनि तोकेको छ ।

१. महेन्द्र संस्कृत विश्व विद्यालयमा लेखा वा लेखापरीक्षणको अनुभव र लेखा वा लेखापरीक्षण विषय अध्यापनको अनुभव ।

२. काठमाडौं विश्व विद्यालयमा लेखा वा लेखापरीक्षणको अनुभव र लेखा वा लेखा-परीक्षण विषय अध्यापनको अनुभव ।

३. संयुक्त राष्ट्र संघ अन्तर्गतका नेपालस्थित निकायहरूमा लेखा वा लेखापरीक्षणको अनुभव ।

४. नेपाल कानूनले महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण हुने वा महालेखा परीक्षकले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकि दिएको संस्थामा लेखा वा लेखापरीक्षणको अनुभव ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
निर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।